श्री ५ को सरकार

# राष्ट्रिय योजना आयोगको सचिवालयको सूचना

## राष्ट्रिय जनगणना २०५८ को आदेश, २०५७

तथ्याङ्क ऐन, २०१५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "राष्ट्रिय जनगणना २०५८ को आदेश २०५७" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा "विभाग" भन्नाले केन्द्रीय तथ्याङ्क विभाग सम्झनु पर्दछ ।

३. राष्ट्रिय जनगणना २०५८ को लागि तथ्याङ्क सङ्कलन गर्न सक्नेः विभागले तोकेको कुनै खास अवधिभित्र नेपाल अधिराज्यको यकिन जनसंख्या, जनताको आर्थिक तथा सामाजिक तथ्य चित्रण, मातृभाषा, जनजाती, धर्म, बसाई-सराई, शैक्षिक योग्यता, वैवाहिक स्थिति, मातृत्व तथा आम्दानी हुने काममा लागेको वा नलागेको व्यक्तिहरुको विवरण समेत प्राप्त गर्नको लागि २०५८ सालमा गरिने राष्ट्रिय जनगणनाको सन्दर्भमा अनुसूची– १ र २ बमोजिमका कुराहरू सोधी जनगणनाको कार्य गर्न गराउन सक्नेछ ।

४. अधिकृत तथा कर्मचारीको नियुक्ति र मनोनयनः विभागले दफा ३ बमोजिम जनगणना गर्ने कामको लागि अधिकृत तथा कर्मचारीहरु नियुक्ति गर्न वा मनोनयन गर्न सक्नेछ ।

५. अधिकृत तथा कर्मचारीहरूको काम, कर्तव्य र अधिकारः (१) जनगणनाको काम गर्ने कर्मचारीले आफूलाई तोकिएको जिल्ला वा क्षेत्रमा गई तोकिएको अवधिभित्र सम्बन्धित परिवारको मुख्य वा जिम्मेवार व्यक्तिसँग सोधपुछ गरी अनुसूची– १ र २ मा उल्लिखित कुराहरूसँग सम्बन्धित विषयको विवरणको सही जानकारी प्राप्त गरी विभागले तोकेको ढाँचा बमोजिमको फाराममा विवरण भर्नु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त विवरण वा फारामलाई जनगणनाको काम गर्ने अधिकृत वा कर्मचारीले विभागले तोकेको अवधिभित्र तोकिदिएको अधिकृत वा कर्मचारी समक्ष बुझाउनु पर्छ ।

(३) उपदफा (१) बमोजिमको काममा लागेको अवधिको निमित्त जनगणनाको काम गर्ने अधिकृत वा कर्मचारीले श्री ५ को सरकारले तोकिदिए बमोजिम निश्चित रकम पाउनेछ ।

६. <u>जनगणना गर्ने काममा सहयोग गर्नु पर्नेः</u> जनगणना गर्ने कामसँग सम्बन्धित विभाग, अधिकृत वा कर्मचारीहरूलाई सहयोग गर्नु श्री ५ को सरकारको सबै कार्यालयहरू, सरकारी वा गैर-सरकारी संस्थानहरू, स्थानीय गाउँ विकास समिति, नगरपालिका तथा सबै नागरिकको कर्तव्य हुनेछ ।

७. <u>सङ्कलित तथ्याङ्कको उपयोगः</u> सङ्कलित तथ्याङ्कलाई विभागले सम्पादन गरी त्यसको आधारमा जनगणनाको प्रतिवेदन प्रकाशन गर्नेछ ।

तर प्रतिवेदन प्रकाशन नहुँदै विभागले आवश्यक ठानेमा सङ्कलित तथ्याङ्कबाट तयार गरिएको समष्टि वा आंशिक रुपमै पनि विशेष अध्ययन वा अन्वेषण गर्ने व्यक्ति वा संस्थालाई शर्त तोकि उपलब्ध गराउन सकिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६७

## अनुसूची–१
### (दफा ३ सँग सम्बन्धित)

१. **परिचयात्मक विवरणः**

१.१ जिल्ला....गा.वि.स./न.पा....वडा नं....गाउँ/बस्ती/टोल....

१.२ घर क्रम संख्याः–

१.३ परिवार क्रम संख्याः–

१.४ परिवार जम्मा व्यक्ति (पुरुष....महिला....) संख्याः–

२. **पारिवारिक विवरणः**

२.१ घरको प्रकारः

२.२ घरको स्वामित्वः–

२.३ कृषि प्रयोजनको लागि चलन गरेको जग्गाः– छ/छैन

२.४ कृषि प्रयोजनको जग्गाको क्षेत्रफलः–

२.५ कृषि प्रयोजनको लागि पाल्तु चौपाया तथा पंछीः– छन्/छैनन्

२.६ कृषि प्रयोजनका लागि चौपाया पंछीको संख्याः

२.७.१ महिलाको स्वामित्वमा घरः– छ/छैन

२.७.२ महिलाको स्वामित्वमा जग्गाः– छ/छैन
जग्गा भए क्षेत्रफलः–

२.८ महिलाको आफ्नो (पेवा, दाईजो, स्त्रीधन) पाल्तु चौपाया भए ठूला चौपाया तथा साना चौपायाको संख्याः छन्/छैन

२.९ कृषि बाहेक अन्य साना व्यवसाय चलाएकोः– छ/छैन

२.१० साना व्यवसाय चलाएको भए मुख्य व्यवसायः–

२.११ परिवारमा अनुपस्थित व्यक्ति विदेश गएका छन्/छैनन्

२.१२ विदेश गएका व्यक्तिको विवरणः–

३. **व्यक्तिगत विवरणः**

३.१ क्रम संख्याः–

३.२ परिवारका व्यक्तिको नाम, थरः–

३.३ लिङ्ग (पुरुष/स्त्री):–

३.४ उमेरः–

३.५ जात/जातीः–

३.६ परिवारको व्यक्ति मूलीः– को के नाता पर्ने ?

३.७ धर्मः–

३.८ भाषाः–

३.९ नागरिकताः–

३.१० शारिरीक अपाङ्ग भए अपाङ्गताको किसिमः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६८

अनुसूची–२

(दफा ३ संग सम्बन्धित)

(छनौटमा परेका घर परिवारको मात्र विवरण सङ्कलन गर्ने)

१. परिचयात्मक विवरणः

१.१ जिल्ला . . . गा.वि.स.।न.पा. . . . . वडा नं. . गाउँ।बस्ती।टोल . . .

१.२ घरको क्रम संख्याः–

१.३ परिवारको क्रम संख्याः–

१.४ परिवारमा जम्मा व्यक्ति (पुरुष . . . स्त्री . . . ) संख्याः–

२. पारिवारिक विवरणः

२.१ पिउने पानीको स्रोतः–

२.२ खाना पकाउन प्रयोग हुने इन्धनः–

२.३ बत्ती बाल्न प्रयोग हुने इन्धनः–

२.४ चर्पीको व्यवस्थाः–

२.५ सुविधाहरू (रेडियो, टेलिभिजन, साइकल, मोटर साइकल, टेलिफोन आदि):–

२.६ विगत १२ महिनामा कसैको मृत्युः– भए । नभएको

२.७ मृत्यु भएको भए विवरणः–

३. व्यक्तिगत विवरणः

३.१ क्रम संख्याः–

३.२ परिवारका व्यक्तिको नाम, थर, लिङ्गः–

३.३ उमेरः–

३.४ जन्मस्थलः–

३.५ बसोबास गरेको अवधिः–

३.६ बसोबास गर्नुको कारणः–

३.७ पाँच वर्ष अघिको बसोबासः–

३.८ लेखपढ गर्न जानेको । नजानेकोः–

३.९ लेखपढ गर्न जानेको भए उत्तीर्ण गरेको तह र एस.एल.सी. भन्दा माथि भए मुख्य क्षेत्रः–

३.१० हाल स्कूल जाने गरेको । नगरेको (२५ वर्ष वा सोभन्दा कम उमेरका १० कक्षा उत्तीर्ण नगरेकालाई मात्र)



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।